हुंकार मधेश अभियानको कार्यतालिका (प्रथम तीन महिने अभियान)

सय दिन - सय कार्यक्रम - सय अभियन्ता

संगठन निर्माण अभियान

केन्द्रीय अभियन्ता समुहले

- केन्द्रमा न्युनतम १०० सदस्यीय अभियन्ता समूह (Group of hundred for madhesh) तैयार गर्नेछ ।

प्रादेशिक अभियन्ता समुहले

- प्रदेशमा न्युनतम १०० सदस्यीय अभियन्ता समूह (Group of hundred for madhesh) तैयार गर्नेछ ।

जिल्ला अभियन्ता समूहले

- प्रत्येक जिल्लामा न्यूनतम १०० सदस्यीय अभियन्ता समूह ग्रुप अफ हन्ड्रेड फोर मधेश (Group of hundred for madhesh GOHFM) तैयार गर्ने ।

- नियमित भेटघाट, प्रशिक्षण र वैचारिक छलफल सञ्चालन गर्ने ।

- युवा, विद्यार्थी, किसान, महिला, संचारकर्मी, उद्यमी व्यवसायी तथा बुद्धिजीवीवर्गसंग सम्वाद गर्ने ।

ब्राण्डिङ तथा प्रचार अभियान :

आइटी तथा सञ्चार टोलीले

- आगामी तीन महिनाभित्र यस अभियानलाई स्थापित ब्राण्डको रूपमा विकास गर्ने ।

- सामाजिक सञ्जाल, वेबसाइट, डिजिटल सामग्री, भिडियो, पोस्टर तथा अभियान सामग्री उत्पादन गर्ने ।

- राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा अभियानको पहिचान विस्तार गर्ने ।

- अनलाइन सदस्यता अभियान संचालन गर्ने ।

- जनमत संकलनको निम्ति प्रश्नोत्तर तैयार गरि अनलाइन र भौतिक रूपमा प्रयोग गर्ने ।

- अभियानमा जोडिने सबै सदस्यबाट केन्द्रीय कोष निर्माणमा योगदान गर्न अभिप्रेरित गर्ने ।

- एक महिने प्रचारात्मक र एक महिने संगठनात्मक तथा प्रशिक्षणात्मक कार्यक्रम गर्ने ।

पुनर्जागरण हुलाकी यात्रा :

- झापा देखि कंचनपुरसम्म सय दिने पुनर्जागरण हुलाकी यात्रा संचालन गरिनेछ ।

- एउटा जिल्लामा कम्तीमा ५ दिनसम्म अभियानहरुले काम गर्नेछ ।

- प्रत्येक जिल्लामा समाजका विभिन्न पक्षसँग सम्वाद तथा अन्तर्कृया गरिनेछ ।

- हरेक जिल्लामा पत्रकार सम्मेलन मार्फत अभियानबारे जानकारी दिइनेछ ।

- केन्द्र, प्रदेश र जिल्ला तीनै तहमा समूह बनाई व्यवसाय संचालनको परिस्थिति निर्माण गर्ने ।

व्यवसाय संचालनको तैयारी :

- यात्राको दौरान तीनवटै तहको लागि आत्मनिर्भर अभियान तहत समूह तैयार गरिनेछ।
- व्यवसाय संचालन गर्न सबै तहले छुट्टै कम्पनी दर्ता गर्नु पर्नेछ ।
- अभियन्ताहरुले तीनै तहमा कुन प्रकृतिको उत्पादनमुखी व्यवसाय गर्ने हो आ-आफ्नै तहमा निर्धारण गर्नेछन् ।